Email: ito.haripurwamun@gmail.com
Website: haripurwamun.gov.np

# हरिपुर्वा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हरिपुर्वा, सर्लाही

प.स. २०८१/०८२
च.न. ६६३

मधेश प्रदेश, नेपाल

मितिः२०८२/०३/०२

श्री वडा कार्यालयहरु सबै,
श्री बिषयगत शाखाहरु सबै,
श्री निर्माण व्यवसायीहरु सबै,
श्री उपभोक्ता समितिहरु सबै,
श्री सरोकारवाला व्यक्ति/संघ/संस्थाहरु, सबै
हरिपुर्वा नगरपालिका, सर्लाही ।

विषय : भुक्तानी लागि कागजात पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १ तथा ७ बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने र आ.व.को समाप्ती हुनुअघि नै संघ र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरुको हकमा खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने, विभिन्न शिर्षकहरुको कर समयमै दाखिला गर्नुपर्ने लगायतका कानुनी प्रावधान रहेको साथै आर्थिक बर्षको अन्त्यतिर स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अत्याधिक चाप पर्न गई प्राविधिक समस्या आएर समयमा नै भुक्तानी दिन नसकिएको विगतको व्यवहारिक समस्यालाई मध्यनजर गर्दै यस कार्यालयसंग सम्बन्धित सम्पुर्ण योजना तथा कार्यक्रमहरु कार्यसम्पन्न गरी मिति २०८२ असार १५ गतेभित्र यस नगरपालिकाको आर्थिक प्रशासन शाखामा सम्पूर्ण प्रक्रिया पुरा गरी आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गरी भुक्तानी लिई सक्नुहुन यसै सूचनामार्फत सम्बन्धित सबैलाई आदेशानुसार अनुरोध छ । साथै उक्त मिति पश्चात पेश भई भुक्तानी नभएको खण्डमा सो को जवाफदेहि कार्यालय नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

..............................
कुमार परियार
प्रशासकीय अधिकृत